# ऐतिहासिक पत्रस्तम्भ

छाप

स्वस्तिश्री लेप्टचन् शिवप्रसाद सिंह वस्न्यात क्षेत्रि कस्य पत्रम्—

आगे चैनपुर अड्डाका डिठ्ठा विचारि थरि मुषियाके यथोचित् उप्रान्त हाम्रा वषत सुंदर हिटि मनराजि वघैचा गुठिको डंड कुंड परि आयाको हाम्रा सनद लि आउन्या दुवान्या मुषिया गुठियार हाम्रा गुठि जगामा ऐन बमोजिम गर्न्याछं हामिले पठायाका मुषिया दुवान्या गुठियार तेस गुठि जगामा हामिले हाकिम गरि पठायाका दुवान्या मुषिया गुठियारले तेस गुठिभित्रका रैतिलाई पन्याको षेत मामला ऐनमा बित्यास पारि बिजाइ बिदोत गरि षत केहि पान्या छ र पछि चुकेको ठहन्यो भन्या हाम्रा गुठिमा पठायाका दुवान्या मुषिया गुठियारले तेस गुठिका रैत भित्रमा पान्याको षत् हामिपट्टि इनहरूले बिरायाको षेत् बुझी ऐन बमोजिम सजाइ गन्या छौं तिमिहरूलाई तेस गुठिको कसैले मालिक तुल्याई हाम्रा जगामा पठायाको छैन हामिले पठायाका दुवान्या मुषिया गुठियारलाई ताहा तिमिहरूले हाम्रा गुठी जगाभित्र पन्याको मामला मुद्दा दामकाम थुनु भनि तिमिहरूलाई हाम्रा जगाको कसैले मालिक तुल्याई गुठमा पठायाको छैन हाम्रा गुठि जगाका रैतिको र हामिले पठायाका दुवान्या मुषिया गुठियारको तिमिहरूलाई कसैले मालिक गराइ पठायाको छैन हाम्रा गुठि जगाको जाइ बिजाइ हामि याहि ऐन बमोजि हेरि छिन्या छौं तिमिहरू र हाम्रा गुठमा तलामाथि गर्नामा लागि हाम्रो जगा बिगार्नामा लाग्यौ भन्या तम्रो हाम्रो नरामरो पर्ला सो वुझि आफनु अड्डाको काज गर इति सम्वत् १९२३ साल मिति माघवदि ५ रोज ६ शुभम्—

(नरपति पाध्याबाट प्राप्त)

स्वस्तिश्री मन्महाराजाधिराज कस्य रुक्का

आगे काजी वखतवारसिंह वस्न्यात छेत्री के चैनपुरका लगापात वषत सुन्दरहिटिको घड्चारी चनौट्या व्यासी खोल्या रुंटो हांलुं खरक तसको सांध पूर्व चुंढुंगो थुंको दखिन फल्याटे थुंको पश्चिम ढुंगे गौंडो उत्तर हिमा खोलो येति ४ किल्ला भित्रको जगा हिटी फुलवारीका जगेरा निमित्त गुठी गरी वक्स्यौं आपना षातिरजामासंग भोग गर इति संवत् १८४८ साल मिति वैशाख वदि ३ रोज ३ शुभम्—

(नरपति पाध्या गौतम भंज्याङ्खर्क वडा नं. ८ चैनपुरबाट प्राप्त)

स्वस्तिश्री महाराजाधिराज कस्य रुक्का—

आगे वक्तवार सिंह वस्न्यातको चैनपुरका लगायेमा वखत सुन्दर हिटी मनराजी वगैचाको घडेरी चौउते वेसी खोले रुम्टो हांलुं खरक सम्वत् १८४८ सालमा हिटी वकैंचाको सिंहार गर्ने निमित्त " वाट मोहोर गरी वक्स्यामा तुलाराम पाध्ये गोतामेलाई राखेको रहेछ ६१ सालमा सर्कार जांच पर्दा पनि थामी वक्सेकै हो वीचमा डागी सापकोटा वाहुनले छापको मोहर गर्दा सांद मिच्न आया छन् अमाली वसी षोलाका भला पंच सादवार राखी

निरोपन गर्दा कट्टी भयाको रहेनछ डांगी जयेनारां साप-कोटाले गरी लगेको मोहरको वीसहीं गरी अधिकै मोहर वमोजिको जगा पाओ रेखो पैदवार छिपोछापो वेठ वेगर घर गनी बुझी यो सीमा माफ गरी हिटी वर्कचा फुलवारी गुठी — १ — वाट पनि थामी वक्सनु भयाको ७८ सालमा कोत्ये सरूप विष्ट मेजर रामनाथ पाध्येको जांचमा श्री जङ्गपल्टनमा दरिदा पल्टंवाट झिकी अधिकै मोहोर वमोजी थामी वक्स्यौं आफ्ना खातीरजामासंग भोगेगर इति सम्वत् १८७८ साल मिति आषाढ शुदि ६ रोज ५ शुभम्—

(नरपति पाध्या गौतम भंज्याङ्खर्क वडा नं. ८ चैनपुरबाट प्राप्त)

स्वस्तिश्री जिम्मावाल राइ उदिमसिं राइ हस्तवीरहरूके रातामाटे वस्न्या ब्वलु चापागाइके पुर्जि उप्रान्त थपले खेत हाम्रा जिम्माका भर्ना विन्हाउन्यालाई निज वालुका स्वारा धुसेनी रतीका छेउका लोहस्या नाख्वा कसैका संद्धि सर्पन पानिघात नलाग्ने जगा वारीपारी खोल्छा लोहसे स्मेत २ ठाउँ गरी निज मोहियालाई विन्हाउन हाम्रा जिम्माका थप्ल्यामा भर्ना दिनु मुरि १ के कुत रु । वालि हामिसंग बुझाउनु भनी नीजलाई षेत विन्हाउन्या धुसेनी दिनमा मोहियाले जांचमा यो पुर्जि वमोजि ढडामा नाउँ दर्ता गर्नु भनी पुर्जि गरी दियां इति सम्वत् १९४८ साल मिति माघ वदि १ रोज ६ शुभम्

(संखुवासभा जिल्ला गा. पं. तुमलिङ्-टार वडा नं. ६ रातोमाटे बस्ने इन्द्रबहादुर गौलीको सौजन्यबाट प्राप्त)

**O औंठीको जस्तो छाप**

स्वस्तिश्री सर्वजांचकस्य छोयाको रिमजिम छकतुके पुर्जि-उत्तर ४ गाउंको लामा भई असिना थामनु दश लामा सरह खानु दश लामाले तिन्या वमोजिम तिर्नु भनी पुर्जि गरिदियुं इति संवत् १९०५ मिति चैत्र शुदि ३ रोज शुभम्—

(जिल्ला कार्यालय संखुवासभा उमानाथ सुवेदी भोलानाथ गौली का सौजन्यबाट प्राप्त)

श्री भीमेश्वराय नमः । दोर्दण्डेन येन वलेन निहतो दोर्दण्ड दुश्शासनं युद्धे भीषण पादघात गदया दुर्योधन योधनं यो हन्ति समुलं प्रचण्डवलिनं कामातुरं कीचकं सन्चूर्ण भयद भयङ्करभिमं श्री भीमराजं भजे ।। श्रीसंवत् १९३८ साल मंसीर शुदि १५ रोज २ मा नेपाल पाटन धालछे कुटालको हाल चैनपुर वजार वस्ने कृष्णवीरको छोरा हीरालालको दाजु मोतीलालको नाममा चढाएकोमा हाल संवत् १९९१ – –

(संखुवासभा जिल्ला चैनपुरबजार भीमसेनथानको घण्टाभिलेख)